# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

रामग्राम नगरपालिका नगर कार्यपालिकाको कार्यालय परासी, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश

**मेडिकल उपकरण, औजार तथा स्वास्थ्य सामाग्री खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति: २०७८/०३/०२)**

यस रामग्राम नगरपालिका अन्तर्गत रहेका विभिन्न स्वास्थ्य संस्थाहरु सञ्चालनका लागि आ.व. २०७७/७८ को स्वीकृत कार्यक्रम अनुसार स्वास्थ्य संस्थामा आवश्यक पर्ने मेडिकल उपकरण, औजार तथा स्वास्थ्य सामाग्रीहरु शिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएको हुँदा ईजाजत प्राप्त इच्छुक बिक्रेता, फर्म, कम्पनी वा सप्लायर्सहरुबाट तोकिएको शर्तहरुको अधिनमा रहि यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा दरभाउपत्र खरिद गरि १६ औ दिन दिउसो २:०० बजे भित्र पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। शिलबन्दी दरभाउपत्र सम्बन्धी विस्तृत सूचना यस रामग्राम नगरपालिकाको Website: www.ramgrammun.gov.np मा राखिएको छ ।

..............................
राजेश पन्थी
प्रमुख प्रशासकीय अधिकृत

सुचना नं :३/ स्वास्थ्य
आ.व. : २०७७/७८

प्रथम पटक प्रकाशित मिति : २०७८/०३/०२

## मेडिकल उपकरण, औजार तथा स्वास्थ्य सामाग्री खरिद सम्बन्धी शिलवन्दी दरभाउपत्र आह्वानको सूचना

रामग्राम नगरपालिका अन्तर्गत रहेका विभिन्न स्वास्थ्य संस्थाहरु सञ्चालनका लागि आ.व. २०७७/७८ को स्वीकृत कार्यक्रम अनुसार आवश्यक पर्ने मेडिकल उपकरण, औजार तथा स्वास्थ्य सामाग्रीहरु शिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएको हुँदा उक्त कार्यका लागि ईजाजत प्राप्त इच्छुक व्यवसायी, फर्म, कम्पनी बिक्रेता तथा सप्लायर्सहरुबाट रितपूर्वक गोप्य शिलबन्दी दरभाउपत्र तपशिल बमोजिमको शर्तको अधिनमा रहि पेश गर्न सम्बन्धित सबैको लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

१.शिलवन्दी दरभाउपत्र फारम यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (कार्यालय समय) भित्र यस कार्यालयबाट रु. १०००। (रुपैंया एक हजार मात्र ) पछि फिर्ता नहुने गरी बुझाई दरभाउपत्र दाताले आ.व. २०७७/०७८ का लागि नवीकरण गरेको उक्त सामान सप्लाई गर्ने अनुमति पाएको कम्पनी वा फर्म दर्ता प्रमाण पत्र, व्यवसाय प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु तथा गत आ.ब. २०७६/७७ को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी निवेदन पेश गरी खरिद गर्न सकिने छ । बिक्री भइसकेको शिलबन्दी दरभाउपत्र फिर्ता हुनेछैन ।

२.खरिद गरेको दरभाउपत्रको सूचना तथा दरभाउपत्र पुस्तिकामा उल्लेख भएका शर्तहरुको अधिनमा रही रितपूर्वक भरी प्रथम पटक प्रकाशित भएको मितिले १६औं (सोह्रौ) दिन दिनको २:०० बजे भित्र दाखिला गर्नु पर्ने छ । दर्ता गर्दा यस कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण र दरभाउपत्रदाताको नाम ठेगाना खुलाई फर्मको छाप लगाई खाम शिलबन्दी गरि यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । तोकिएको समय पछि प्राप्त भएको दरभाउपत्र उपर कुनै कारबाही हुनेछैन । यसरी दर्ता भएको शिलवन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन दिनको ५:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि शिलवन्दी दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

३.शिलवन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

४.शिलवन्दी दरभाउपत्र साथ धरौटी वापतको तपसिलमा उल्लेखि गरे बमोजिमको रकम राष्ट्रिय वाणिज्य बैंक परासी शाखाको च.हि.नं. ३१००१००३०३००००२ मा जम्मा गरको सक्कल भौचर वा शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरेको सक्कलै बैंक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नुपर्नेछ ।

५.शिलवन्दी दरभाउ फारम बाहिर दरभाउपत्रदाताले फर्मको नाम, ठेगाना, सम्पर्क नं. तथा विषय स्पष्ट संग उल्लेख गर्नु पर्नेछ ।

६.दरभाउपत्रमा मु.अ.कर बाहेकको दररेट अङ्क र अक्षर दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा भिन्नता पाइएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । दरभाउपत्रमा केरमेट भएको, सही छाप नगरेको, म्याद नाघी रित नपुगेको र शर्त राखिएको भएमा मान्यता दिइनेछैन ।

...................
राजेश पन्थी
प्रमुख प्रशासकीय अधिकृत

७.दरभाउपत्रदाताले आफूले खरिद गरेकै शिलवन्दी दरभाउपत्र दर्ता गराउनु पर्नेछ । फोटोकपी गरेको, यस कार्यालयबाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेका शिलवन्दी दरभाउपत्र अर्को फर्मले दाखिला गर्न पाइने छैन ।

८.कार्यालय हातासम्म ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु बोलपत्र दाताले स्वयम्ले नै व्यहोर्नु पर्नेछ ।

९.नेपाल सरकारको हितलाई ध्यानमा राखी मूल्यको शिलबन्दी दरभाउपत्र पैकेजको रुपमा स्वीकृत गर्ने, अस्वीकृत गर्ने, रद्द गर्ने वा आंशिक स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ साथै दरभाउपत्रमा उल्लेख भएका सामाग्रीहरुको परिमाण थपघट हुन सक्नेछ । यसरी थपघट भएता पनि दरभाउपत्रदाताले कबोल गरेकै दररेटमा उपलब्ध गराउनु पर्नेछ । स्वीकृत बजेटको स्थिति अनुसार खरिद गरिनेछ । साथै स्वीकृत भएको दररेट वि.सं. २०७८ साल असार मसान्त सम्मको लागि मान्य हुनेछ ।

१०.दरभाउपत्र पेश गर्दा WHO GMP Certified Company बाट उत्पादित तथा नेपाल सरकारबाट स्वीकृति प्राप्त सर्जिकल सामाग्रीहरु हुनुपर्नेछ र उत्पादक कम्पनीमा नाम अनिवार्य उल्लेख गर्नु पर्नेछ ।

११.स्वीकृत दरभाउपत्रदाताले सर्जिकल सामाग्रीमा अङ्कित मूल्यभन्दा बढी दर राखि पेश गर्न पाइने छैन । स्वीकृत शिलवन्दी दरभाउपत्र अनुसारको सामान एकमुष्ठ वा आवश्यकता अनुसार पटक-पटक अर्डर दिई खरिद गर्न सकिनेछ । साथै सप्लाइ गरिने सामाग्रीहरुको Expiry Date यस कार्यालयको स्टोरमा बुझाउँदा कम्तिमा उत्पादन मितिबाट १८ महिना म्याद बाकी भएको वा ८०% म्याद बाकी भएको हुनुपर्नेछ ।

१२.शिलवन्दी दरभाउपत्र स्वीकृत भएपछि कार्यालयले तोकेको समयावधी भित्र सर्जिकल सामाग्रीहरु बुझाउनु पर्नेछ र केही अंश अथवा सम्पूर्ण सामग्री नै बुझाउन नसकेमा सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) बमोजिम कारबाही हुनेछ ।

१३.दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेखल गरे बमोजिम हुनेछ ।

१४.शिलवन्दी दरभाउपत्र सम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गरि बुझ्न सकिनेछ ।

१५.यस सूचनामा उल्लेख नभएका अन्य कुराहरु प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

१६.लागत अनुमान देहाय वमोजिम रहेको छ ।

| सि.नं | कामको विवरण | इष्टिमेट अङ्क ( मु.अ.कर सहित) | जमानत रकम रु. | फारम दस्तुर रु | सुचना समय |
|---|---|---|---|---|---|
| १ | मेडिकल उपकरण, औजार (बर्थिंग सेन्टर समेत) खरिद तथा ढुवानी | रु. ९,८०,९६८।०७ | रु. २२,०००।०० | रु. १०००।०० | १५ दिन |

.......................

राजेश पन्थी

प्रमुख प्रशासकीय अधिकृत